


© UNICEF/UN062313/Batbaatar

# विद्यालय पुनः सुचारू गर्ने प्रारूप

## अप्रिल २०२०

**कोभिड-१९ महामारीका कारण संसारभर नै विद्यालयहरू बन्द गरिनाले बालबालिकाको शिक्षा, संरक्षण तथा समग्र हितमा अप्रत्याशित तथा अभूतपुर्व जोखिमको सिर्जना भएको छ । हालसालै संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुर्टेर्सले सीमान्तकृत समूहका सहित सम्पूर्ण बालबालिकाको शिक्षालाई प्राथमिकतामा राख्न सरकार तथा दातृ निकायहरूलाई आव्हान गर्नुभएको छ। यसका साथै दूर-शिक्षाको सुदृढीकरण गर्न तथा विद्यालय पुन: सञ्चालनका लागि सहजीकरण गर्न अन्तराष्ट्रिय शिक्षा गठबन्धनको स्थापना गरिएको छ।**

विद्यालय बन्द भएका कारण रोगको संक्रमण फैलिनमा कस्तो प्रभाव पऱ्यो भन्ने बारे पर्याप्त प्रमाण नभएतापनि बालबालिकाको सुरक्षा, सिकाई र समग्र हितमा भने यसले ठूलो प्रभाव पारेको कुरा दस्तावेजमा उपलब्ध छ। शिक्षा सेवामा आएको अवरोधले अर्थ-व्यवस्था तथा समाजमा बढ्दो असमानता, कमजोर स्वास्थ्य तथा खस्कँदो सामाजिक सद्भाव जस्ता गम्भिर र दीर्घकालीन असर पार्नेछ। कैयौं देशमा भाइरसको उपस्थिती अस्पष्ट भएका कारण निर्णयकर्ताहरूले अपुरो सूचना तथा अनिश्चितताको वातावरणमा निर्णयहरू लिनुपरेको छ। बाल अधिकार सम्मेलनले घोषणा गरेअनुसार हरेक बालबालिकाको शिक्षा, स्वास्थ्य तथा सुरक्षासम्बन्धी अधिकारको रक्षा तथा प्रवर्धन गर्न राष्ट्रिय सरकार तथा साझेदारहरूले सँगसँगै काम गर्नुपर्दछ। बालबालिकाको हित नै सर्वोपरी हुनुपर्दछ।

विभिन्न देशहरूले लकडाउन (बन्दाबन्दी) लाई खुकुलो बनाउने सोच बनाईरहँदा त्यससँग सम्बन्धित अन्य अप्ठ्याराहरू र नकारात्मक असरका बारेमा पनि विश्लेषण गरिरहनुपरेको छ। समग्र जनस्वास्थ्य तथा शैक्षिक योजना प्रक्रिया अन्तर्गत विद्यालय कहिले पुन: सुचारू गर्ने बारे निर्णय लिन, राष्ट्रिय पूर्वतयारीलाई सघाउन र कार्यान्वयनको प्रक्रियालाई मार्गनिर्देशन दिन यस प्रारूपले सघाउनेछ। स्थानीय परिस्थितीको सम्बोधन गर्न र हरेक बालबालिकाको सिकाई, स्वास्थ्य तथा सुरक्षाका आवश्यकता पुर्ती गर्न स्थानीय परिवेशअनुसार यसलाई निरन्तर परिमार्जन गर्दै र अनुकुलन गर्दै जानु आवश्यक छ।

## विद्यालय किन पुन: सुचारू गर्ने ?

कक्षागत सिकाईका अवसरहरूमा आएको अवरोधले बालबालिकाको सिक्ने क्षमतामा गम्भिर प्रभाव पार्न सक्छ। सीमान्तकृत बालबालिका जति लामो समय विद्यालय जानबाट बञ्चित हुन्छन्, उनीहरू विद्यालयमा पुन: फर्कने सम्भावना त्यति नै कम हुँदै जान्छ। सम्पन्न परिवारको तुलनामा विपन्न परिवारका बालबालिकाहरू प्राथमिक विद्यालय जाने सम्भावना सामान्य अवस्थामा नै पाँच गुणाले कम रहेको पाईन्छ। विद्यालय जानबाट बञ्चित हुँदा किशोरावस्थामै गर्भवती हुने, यौन दुर्व्यवहार, बालविवाह, हिंसाका साथै अन्य जोखिम पनि वृद्धि हुने गरेको छ। यसका अतिरिक्त, बन्द लम्बिनुका कारण खोप, विद्यालय खाजा र मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग जस्ता विद्यालयमा आधारित सेवाहरू पनि अवरुद्ध हुनुका साथै साथीसंगीसँगको अन्तर्क्रिया हुन नपाउने र नियमित समयतालिकामा परिवर्तन हुनाले बालबालिकाको तनावमा समेत वृद्धि हुने गरेको छ। विशेषगरि द्वन्द्व तथा दीर्घकालिन संकटबाट गुज्रिरहेका देशका सीमान्तकृत बालबालिकाहरू, प्रवासी, बलपूर्वक विस्थापित, अल्पसंख्यक, अपांगता भएका र बालगृहमा रहेका बालबालिकाहरूमाथि यसका नकारात्मक असर झनै बढि पर्नेछ। विद्यालय पुन:सुचारू गर्ने कामलाई कोभिड-१९ विरुद्ध हरेक देशले अवलम्बन गरेका स्वास्थ्य शतर्कता अपनाएर विद्यार्थी, कर्मचारी, शिक्षक तथा तिनका परिवारको सुरक्षा सुनिश्चित गर्दै अगाडि बढाउनुपर्दछ।

## कहिले, कहाँ र कुन विद्यालयहरू पुन: सुचारू गर्ने ?

विद्यालय पुन:सुचारू गर्ने समय निर्धारण गर्दा त्यसका लाभका साथै सम्बन्धित जोखिमहरूका बारेमा शिक्षा, स्वास्थ्य तथा आर्थिक-सामाजिक क्षेत्र सहित विभिन्न श्रोतबाट प्राप्त सूचनाको विश्लेषणका आधारमा बालबालिकाको सर्वोपरी हित तथा जनस्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै निर्णय गर्नुपर्ने हुन्छ। यस प्रकारको विश्लेषणले जोखिम व्यवस्थापन कार्यमा पनि सघाउनेछन्। यस किसिमको स्थानीय निर्णय परिवेश र आवश्यकता अनुसारको भएको सुनिश्चित गर्नका लागि प्रादेशिक तथा स्थानीय सरोकारवालाहरूसँगको सहकार्यमा गर्नुपर्दछ।

विद्यालय पुन:सुचारू गर्ने तर्फ लाग्दै गर्दा सम्बन्धीत निकायले विद्यालय, शिक्षक, विद्यार्थी तथा समुदायले यस महामारी र बन्दको सामना कसरी गरिरहेका छन् भनेर बुझ्नु जरूरी छ। विद्यालय, स्थानीय नेता, शिक्षक, विद्यार्थी तथा अभिभावकहरूसँग छोटो सर्वेक्षण गरेर यस बारे जानकारी लिन सकिन्छ। निर्णयकर्ताहरूले विद्यालय जानु र संक्रमण बढ्नु बीचको सम्बन्ध हालसम्म अप्रमाणित रहेको तथ्यलाई ध्यानमा राख्दै दुर-शिक्षाको तुलनामा कक्षाकोठामा आधारित शिक्षाका फाईदाहरू र **विद्यालय खुलेपछिका जोखिमहरू** दुवै पक्षमा ध्यान दिँदै **हरेक परिवेशमा सिकाई तथा समग्र हितलाई कसरी सघाउन सकिन्छ** भन्ने समीक्षा गर्नुपर्दछ।

- सिकाईका प्रतिफलहरू (आधारभूत, बाँड्न सकिने, डिजिटल, रोजगार-केन्द्रित शिक्षा आदि) हासिल गर्नका लागि साना बालबालिकासँग शिक्षकले खेलकुदमा आधारित प्रत्यक्ष अन्तरक्रिया गर्नु र आधारभूत सीपहरूको विकास गर्नमा कक्षागत गतिविधिको कति आवश्यक छ ?
- उच्च गुणस्तरीय र सहज पहुँचमा दुर-शिक्षाका विधिहरू उपलब्ध छन् (लक्षित शिकाईका उपलब्धी हासिल गर्नका लागि, सीमान्तकृत समूह लगायत विद्यार्थीको लागि, उमेर समूह अनुरुप) ?
- घरेलु जिम्मेवारीको भार तथा अन्य समस्याहरू विद्यमान रहेको हालको परिस्थितीमा सिकाईका उपलब्धीहरू र हेरचाहकर्ताहरूको मनो-सामाजिक अवस्थालाई बिचार गर्दा उपलब्ध दूर-शिक्षालाई कति समयसम्म दीगो राख्न सकिन्छ ?
- अनलाईन माध्यमबाट शिक्षाको निरन्तरता दिँदै गर्दा के बालबालिकालाई अनलाईन दुर्व्यवहार तथा लैंगिक हिंसाबाट जोगाउने उपयुक्त प्रविधि हेरचाहकर्ताहरूसँग उपलब्ध छन् ?
- सिकाईको यात्राका प्रमुख कोसेढुंगाहरू (विद्यालय सुरु गर्ने बेला, प्राथमिक तहमा उत्तीर्ण, माध्यमिक तहमा उत्तीर्ण र उच्च शिक्षा तर्फ उन्मुख भएको बेला ) माथी महामारी र यसको रोकथाम गर्न अवलम्बन गरिएका कार्यक्रमहरूको कस्तो असर पर्न सक्छ ?
- भिन्न प्रकारको प्रशासनिक प्रणाली तथा सिकाईका विधिहरू अपनाउन शिक्षक तथा शैक्षिक अधिकारीहरू कति तत्पर र सक्षम छन? के उनीहरू संक्रमण नियन्त्रण र रोकथामका विधिहरू अपनाउन तत्पर र सक्षम छन ?
- के विद्यालयमा उपस्थित नभएका बालबालिकामा घरेलु हिंसा वा यौन शोषण जस्ता बालसंरक्षणसँग सम्बन्धित जोखिमहरू रहेका छन् ?
- के विद्यालय बन्द हुनाले विद्यालयले सञ्चालन गर्दै आएको स्वास्थ्य तथा पोषण सम्बन्धी सेवाहरू अवरुद्ध हुनेछन् ?
- विद्यालय नजानुले बालबालिकाहरूको सामाजिक, आर्थिक तथा समग्र हितमा कस्तो प्रभाव पर्नेछ ?

---

- जोखिम व्यवस्थापन गर्न र सुरक्षित तवरले विद्यालय सञ्चालन गर्नका लागि विद्यालयको क्षमता कस्तो छ? जस्तैः सामाजिक दुरी कायम गर्ने (विद्यार्थी संख्याको तुलनामा कक्षा कोठाका आकार), खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी व्यवस्था ?
- संक्रमणको उच्च जोखिम भएका समूह (वृद्ध-वृद्धा तथा कमजोर स्वास्थ्य भएका व्यक्तिहरू आदि) र विद्यालयको जनसंख्या बीच कस्तो प्रकारको अन्तरक्रिया र सम्पर्क हुने गर्दछ ? यदि सम्पर्कको सम्भावना उच्च छ भने के विद्यमान रोकथामका उपायहरू पर्याप्त होलान् ?
- विद्यालयसम्म विद्यार्थी, शिक्षक तथा कर्मचारीहरू कसरी आउने-जाने गर्छन् ?
- महामारीको फैलावट, जनस्वास्थ्य, स्वास्थ्य सेवाको क्षमता तथा जनघनत्व आदि पक्षका साथै सामाजिक दुरी तथा असल सरसफाईका आनीबानीका आधारमा समुदायमा संक्रमणको जोखिम कति छ ?

**स्थानीय परिवेश अनुसारको जोखिमका साथै फाईदाहरूको विश्लेषण गर्नाले विद्यालय पुन:सुचारू गर्नुलाई प्राथमिकतामा राख्न; विद्यालय र समुदायभित्र जोखिम व्यवस्थापनलाई प्राथमिकतामा राख्न र दूर-शिक्षामा ध्यान दिनुपर्ने विषयहरू पहिचान गर्न सहयोग पुग्नेछ।**

## विद्यालयलाई कसरी पुन: सुचारू गर्ने ?

पुन: सुचारू गर्नका लागि विद्यालयहरूको पहिचान गरिएपछि त्यसको पूर्व-तयारी तथा योजनाको अवस्था मुल्यांकन गर्न निम्न ६ आयामहरू अध्ययन गरिन्छ: नीति, वित्तिय व्यवस्था, सुरक्षित सञ्चालन, सिकाई, अत्यन्तै सीमान्तकृत समूहसम्मको पहुँच, र समग्र हित तथा संरक्षण। नीतिगत व्यवस्था र वित्तिय व्यवस्थाले संयुक्त रूपमा अन्य पक्षहरूलाई सघाउने गर्दछन्।




विशेषगरि घना वस्ती भएको, पानीको सुविधा नभएको र द्वन्द्व आदि समस्याबाट गुज्रिरहेको परिवेशमा स्थानीय आवश्यकता तथा परिस्थिती अनुसारको परिमार्जन र अनुकुलन गरिएको निर्णय र कार्यान्वयन अति महत्वपूर्ण हुन्छ। सिमित श्रोत भएको अवस्था र प्रशासनिक तथा सिकाईका विधि सुधार्ने हालको लक्षलाई महामारी फैलिनुभन्दा पहिलेको अवस्थासँग तुलनात्मक विश्लेषण गर्नुपर्दछ । यस सम्बन्धी कार्यक्रमले सिकाईका प्रतिफलहरूमा सुधार ल्याउन, शिक्षामा समान पहुँच बढाउन र संरक्षण, स्वास्थ्य तथा बालबालिकाको सुरक्षा वृद्धि गर्न थप उर्जा प्रदान गर्ने हुनुपर्दछ।

| | विद्यालय पुन: सुचारू गर्नुभन्दा पहिले | विद्यालय पुन: सुचारू गर्ने प्रक्रिया | विद्यालय पुन: सुचारू भएपछि |
|---|---|---|---|
| | सुरक्षित सञ्चालनका साथै दूर-शिक्षा तथा सिकाईका विधिहरूको सुदृढीकरणमा विशेषध्यान दिँदै विद्यालय सुधारका लागि आवश्यक महत्वपूर्ण नीति, प्रक्रिया तथा वित्तिय योजनाका साथ तयारी गर्नुहोस्। | सीमान्तकृत तथा विद्यालय बाहिर रहेका बालबालिकालाई पुन: समेट्न अधिक तत्परता देखाउनुहोस्। जोखिम न्युनीकरण गर्नका लागि सफा पानी, सरसफाई तथा स्वच्छतामा लगानी गर्नुहोस् र छुटेको पढाई (सिकाई) पुन: प्राप्त गर्नका लागि पुरक सत्रहरूको व्यवस्था गर्नुहोस्। | बालबालिकाको समग्र हित तथा संरक्षणमा विशेष ध्यान दिँदै स्वास्थ्य सम्बन्धी सुचकांकहरूको निगरानी गर्नुहोस्। सिकाईका विधिको सुदृढीकरण गर्नुहोस् र संक्रमण तथा त्यसको रोकथामका विधि समेत समावेश गर्दै एकिकृत अध्यापन र सिकाईका लागि दूर-शिक्षालाई परिमार्जन गर्नुहोस्। |
| **सुरक्षित सञ्चालन** (कोभिड-१९ सम्बन्धी विस्तृत सल्लाहको लागि IASC को स्कूलमा रोकथाम र नियन्त्रण मार्गदर्शन हेर्नुहोला।) | विद्यालय पुन: सुचारू गर्ने बारे निर्णय लिन सघाउने मापदण्ड सहितको स्पष्ट राष्ट्रिय निर्देशिका तयार पार्नुहोस्। संक्रमणको दर सबैभन्दा न्यून रहेको तथा स्थानीय जोखिम सबैभन्दा कम रहेको स्थानबाट शुरु हुने गरि यस्ता निदेशिकाहरू तयार पार्नुहोस्।<br><br>विद्यालय पुन: सुचारू गर्दा चरणबद्ध रूपमा पनि गर्न सकिन्छ । उदाहरणको लागि शुरुमा हप्ताको निश्चित दिनमात्र खुला गर्ने वा निश्चित कक्षा वा तहमात्र खुला गर्न सकिन्छ । प्रादेशिक तथा स्थानीय तहमा निर्णय प्रक्रियालाई सघाउन राष्ट्रिय नीतिले स्पष्ट मार्गनिर्देशन दिनुपर्दछ। | शिक्षा अधिकारीहरूले शिक्षाका विषयमा समुदाय, अभिभावक तथा बालबालिकासँग सहभागिता र स्थानीय संवादलाई प्रोत्साहन गर्ने गरि संचार तथा समन्वय प्रणालीको सुदृढीकरण गर्नुपर्दछ। | रोगको संक्रमणको अवस्था अनुसार विद्यालय खोल्ने वा बन्द गर्नका लागि निर्णय प्रक्रियाको विकास गर्नुपर्दछ। |
| | शारिरिक दुरी कायम गर्न आवश्यक निर्णयहरू लिनका लागि स्पष्ट र सहजै बुझ्न सकिने नियमहरू बनाउनुहोस्। जस्तैः ठूला भेलाहरू आवश्यक पर्ने गतिविधिहरू निषेध गर्ने, फरक फरक समूहका लागि विद्यालय खुल्ने तथा बन्द गर्ने समय फरक फरक राख्ने, फरक फरक समूहका लागि खाना खाने समय फरक फरक राख्ने, कक्षाहरूलाई अस्थायी स्थानमा सार्ने वा बाहिर खुला स्थानमा सार्ने र कक्षाको जनसंख्या घटाउनका लागि कक्षाहरू फरक फरक समय तालिकामा सञ्चालन गर्ने। | पर्याप्त मात्रामा सफा पानी, हात धुने स्थान, सरसफाईका सामाग्री आदि व्यवस्था भएका विद्यालयलाई प्राथमिकतामा राख्नुहोस् र सम्भव भएसम्म छात्राहरूलाई महिनावारीसम्बन्धी सरसफाईका सेवा सहित छात्र तथा छात्रालाई फरक शौचालयको व्यवस्था गर्नुहोस्। | |
| | सरसफाईसम्बन्धी विस्तृत नियमहरू बनाउनुहोस्। जस्तैः हात धुने, श्वास-प्रश्वाससम्बन्धी बानी सुधार्ने, सुरक्षाका उपकरणहरू प्रयोग गर्ने, भवन तथा उपकरणहरूको सरसफाई गर्ने तथा सुरक्षित तरिकाले खाना बनाउने, आदि। | विद्यालयमा शारिरिक दुरी कायम राख्न, सरसफाईमा जोड दिन र आवश्यक कर्मचारीको संख्या बढाउन प्रशासनिक कर्मचारी तथा शिक्षकहरूलाई तालिम दिनुहोस्। सरसफाई गर्ने कर्मचारीलाई किटाणु नाश गर्न उपयुक्त तरिकाबारे | सरसफाई साथै फोहोरमैला व्यवस्थापनका असल अभ्यास सम्बन्धी आनिबानीलाई प्रोत्साहन गर्नुहोस्। |

| | | | |
|---|---|---|---|
| | | तालिम दिनुहोस् र सम्भव भए जति व्यक्तिगत सुरक्षाका उपकरण उपलब्ध गराउनुहोस्। | |
| | स्वास्थ्यका कारण हुनसक्ने अनुपस्थितीको व्यवस्थापन गर्न शिक्षक संघ-संगठनहरुसँगको सहकार्यमा कर्मचारी तथा हाजिरी नीति संशोधन गर्नुहोस् र दूर-शिक्षा लगायतका मिश्रित शिक्षण प्रणाली अपनाउनुहोस्।<br>यस्ता नीतिले उमेर वा स्वास्थ्य अवस्थाका कारण उच्च जोखिममा रहेका कर्मचारी, शिक्षक र विद्यार्थीको संरक्षण गर्नुपर्दछ । साथै, शिक्षकहरु स्वास्थ्यका कारण अनुपस्थित भएमा अतिरिक्त शिक्षकको व्यवस्था गर्ने र विद्यालयमा उपस्थित हुन असमर्थ विद्यार्थीको शिक्षामा निरन्तरता सुनिश्चित गर्नका लागि दूर-शिक्षा लगायतका विधि लागु गर्ने। | कुनै शिक्षक वा विद्यार्थी बिरामी भएको खण्डमा के गर्ने भन्ने बारे<br>विद्यालय नेतृत्वलाई स्पष्ट निर्देशन दिनुहोस्।<br>निर्देशनले विद्यार्थी र कर्मचारीको स्वास्थ्य अनुगमन, स्थानीय स्वास्थ्य अधिकारीहरुसँग नियमित सम्पर्क र आपतकालिन योजना तथा सम्पर्क सूची अद्यावधिक गर्ने जस्ता विषय समेट्नु पर्दछ।<br>विद्यालयहरुले बिरामी विद्यार्थी र कर्मचारीलाई कुनै भेदभाव नगरी अस्थायी रूपमा छुट्टै राख्ने स्थान भएको सुनिश्चित गर्नुपर्दछ । कर्मचारी, अभिभावक तथा विद्यार्थीलाई, सबै बिरामी विद्यार्थी र कर्मचारी घरमै बस्ने सल्लाह सहितको कार्यविधिहरु बनाउनुहोस्। | |
| | विद्यालयको पानी, सरसफाई र स्वच्छतामा तत्काल लगानी गर्नको लागि आवश्यक कार्यक्रम निर्माण गर्न वित्तिय श्रोतकोको पहिचान गर्नुहोस्। विद्यालयलाई राम्रोसँग सफा गर्न तथा किटाणुरहित राख्नको लागि र आपतकालिन योजना तथा भण्डारण व्यवस्थाका लागि आपूर्ति र सेवाहरुको लागतलाई प्राथमिकता दिनुहोस्। | हात धुने तथा श्वासप्रश्वासका आनिबानीमा जोड दिँदै विद्यालयको सबै तहमा र सबै कर्मचारीहरुको लागि सरसफाई सम्बन्धी अभ्यासहरु प्रवर्द्धन गर्नुहोस्। | हात धुने स्यानीटाइजरको प्रयोगलाई प्रोत्साहन दिनुहोस् र राष्ट्रिय अधिकारीहरुले सिफारिश गरेमा कपडाको मास्कको उचित प्रयोगको महत्वमा जोड दिनुहोस् । सरसफाई सम्बन्धी जानकारी अल्पसंख्यक भाषाहरु वा ब्रेल र बालमैत्री भाषा सहितमा सहजै उपलब्ध हुने व्यवस्था मिलाउनुहोस्। |
| | कोभिड-१९ रोकथामका कार्यक्रमहरूलाई विद्यालयका सुविधाहरुको आपतकालीन् अवस्थामा प्रयोग (अस्थायी बसोबास, स्वास्थ्य शिविर, क्वारेन्टाईन स्थान आदिको रूपमा) नीतिको समिक्षा गर्ने अवसरको रूपमा पनि उपयोग गर्नुहोस्। | | |
| सिकाईमा केन्द्रित | विद्यालय बन्द भएको अवस्थामा विद्यार्थीलाई दूर-शिक्षाका साथै अन्य सहयोग कसरी गर्ने भन्ने बारे शिक्षक र विद्यालय व्यवस्थापन पक्षलाई आवश्यक तालिम तथा सहयोग गर्नुहोस् । मोबाईल प्लेटफर्महरुमा साथी-समूह (peer-group) सिर्जना गर्ने वा अभिभावकहरुलाई सम्पर्क गर्नको लागि फोन क्रेडिट उपलब्ध गराउने लगायतका कुराहरु यसमा समावेश हुन सक्दछन्। | सबैलाई शिक्षा सुनिश्चित गर्ने लक्ष्यहरुसँग सहकार्य गर्ने गरी भर्ना नीति तथा न्यूनतम आवश्यकताका प्रावधानहरूलाई परिमार्जन गर्नुहोस्।<br><br>वैकल्पिक शिक्षा विधिमा समान स्तर मापदण्ड (equivalency framework) र आधिकारिक मान्यता स्थापना गर्नुहोस् र विद्यमान मानकहरूलाई अद्यावधिक गर्नुहोस्। | निम्न उदेश्य प्राप्तिका लागि दूर-शिक्षामा लगानी गर्नुहोस्:<br><br>१) भविष्यमा हुनसक्ने विद्यालय बन्दका तयारीको लागि, २) बन्द यथावत् रहने ठाउँका शिक्षण र सिकाई बलियो गर्नको लागि र ३) आंशिक वा अन्य परिवर्तित तालिकामा सञ्चालित विद्यालयहरुमा शिक्षण समयलाई मिश्रित मोडेलले परिपुरण गर्नको लागि। |
| | दूरी-शिक्षा विधिलाई ध्यानमा राख्दै विभिन्न जनस्वास्थ्य परिस्थितिहरूका आधारमा वैकल्पिक शैक्षिक पात्रोहरुको विकास गर्नुहोस्। | विद्यार्थीहरूले छुटाएका सिकाई पुन:प्राप्ती गर्न तथा मानसिक स्वास्थ्य र मनोसामाजिक आवश्यकताहरू दुवैलाई सम्बोधन गर्न सक्नेगरी शिक्षकहरुलाई सीप अभिवृद्धि गर्नुहोस्।<br>विशेषगरी जोखिममा रहेका विद्यार्थीको उच्च अनुपात भएका विद्यालयहरुमा अध्यापन गर्दा, शिक्षकहरुमा विद्यार्थीको आधारभूत साक्षरता तथा सामाजिक-भावनात्मक अवश्यकताहरु पुरा गर्न सक्ने क्षमताको सुधार गर्नुपर्दछ।<br><br>विद्यार्थीहरूको उमेरसँग सम्बन्धित व्यवहारात्मक तथा संज्ञानात्मक परिवर्तनहरू पहिचान गर्न र | शाररिक दुरी तथा अन्य स्वास्थ्य अवस्थालाई ध्यानमा राख्नुपर्ने वर्तमान परिप्रेक्षमा माध्यमिक शिक्षा परीक्षा वा विश्वविद्यालय प्रवेश परीक्षा जस्ता महत्वपूर्ण परिक्षाहरुको सुरक्षित तवरले सुचारू राख्नका लागि उपलब्ध श्रोत केन्द्रित गर्नुहोस् र कक्षा चढाउनका लागि लिईने कम जरूरी परिक्षाहरू स्थगित (छुट) गर्ने बारे विचार गर्नुहोस्।<br><br>सम्भव भएसम्म सबै विद्यार्थीहरुलाई बढुवा गर्नुहोस् र विद्यालय पुन: सुचारू भएपछि |

| | | | |
|---|---|---|---|
| | | उमेर उपयुक्त शिक्षा दिनका लागि शिक्षकहरू प्रशिक्षित हुनुपर्दछ। | विद्यार्थीहरुको सिकाई स्तरको मूल्याङ्कन गर्दै पुरक सत्रहरूको व्यवस्था गर्नुहोस्। |
| | निजी क्षेत्रद्वारा सञ्चालित शिक्षाको क्षेत्रमा परेको प्रभावहरुको मूल्यांकन गर्नुहोस् र सार्वजनिक आपूर्ति सेवालाई निजी क्षेत्रसम्म विस्तार गर्ने, वित्तिय सहयोग दिने लगायत आवश्यक सहायता कार्यक्रमहरू सञ्चालन गर्नुहोस्। | प्राथमिक तहका लागि साक्षरता र गणितीय ज्ञान तथा अपांगता भएका बालबालिकाका लागि सहज पहुँच भएको आवास जस्ता व्यवस्था गरि गुमेको सिकाईलाई पुर्ति गर्न तथा विद्यालय बन्द हुँदाका नकारात्मक असरहरूको सम्बोधन गर्न वृहत कार्यक्रमको कार्यान्वयन गर्नुहोस्।<br><br>पहिले विद्यालय बाहिर रहेका वा उमेर नाघेका बालबालिकालाई एकीकृत गर्न समानान्तर रूपमा द्रुत शिक्षा मोडेलहरू लागु गर्न सकिन्छ। | शिक्षकहरुको क्षमता विकासलाई द्रुत गतिमा अगाडि बढाउन ईन्टरनेटमा व्यावसायिक विकास, कोचिंग वा ट्युटरहरूको प्रयोगजस्ता विधिहरू लागू गर्नुहोस् । यी तालिमहरूलाई शिक्षकलाई सेवापूर्व वा सेवाका दौरान दिईने आधिकारिक तालिमहरूमा सम्मिलित गर्न सकिन्छ। |
| समग्र हित र संरक्षण | | भेदभाव तथा लाञ्छनालाई सम्बोधन गर्नका लागि मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहायता सेवाहरू विस्तार गर्नुहोस् र महामारी द्वारा सिर्जित चुनौती तथा अनिश्चितता सामना गर्नका लागि बालबालिका र तिनका परिवारलाई सहयोग गर्नुहोस्। | कोभिड-१९ बारे स्पष्ट, संक्षिप्त र सही जानकारी संप्रेषण गर्नुहोस्, डर र चिन्ता बारेमा सन्देशहरू सामान्य बनाउनुहोस् र विद्यार्थी तथा तिनका परिवारका लागि मात्र नभई विद्यालयका शिक्षक र अन्य कर्मचारीहरूको लागि आफ्नो ख्याल गर्न प्रोत्साहन दिनुहोस्। |
| | शिक्षकहरुको उत्प्रेरणा कायम राख्न र समग्र हित प्रवर्द्धन गर्न करारमा रहेका शिक्षकहरूलाई विशेष ध्यान दिंदै शिक्षकको तलब निरन्तर र समयमै भुक्तानी भएको सुनिश्चित गर्नुहोस्। | शिक्षक र अन्य कर्मचारीहरू समावेश गरि एक अध्ययन/सर्वेक्षण गर्नुहोस् (व्यक्तिको उमेर, दीर्घ रोग तथा अन्य जोखिमहरूको अवस्था समाबेस गर्दै)। त्यसपश्चात विद्यालयमा फर्कनको लागि क्रमिक विधि लागू गर्नुहोस्। | विशेष गरी गम्भीर केसहरुको सिफारिस प्रणाली समीक्षा गरी बलियो बनाउनुहोस् । सेवा प्रदायकहरूसँग एक अर्काको बारेमा जानकारी भएको सुनिश्चित गर्नुहोस्। उनीहरूसँग लैंगिक हिंसा / यौन दुर्व्यवहार तथा हिंसाबाट संरक्षण लगायतका सेवाहरूका लागि अन्य सेवा प्रदायकहरूसम्म सिफारिस गरेको सुनिश्चित गर्नुहोस्। |
| | | अत्यावश्यक सेवाहरूको वितरण नियमित र सुरक्षित भएको सुनिश्चित गर्नुहोस् । यस अन्तर्गत, पोषण, खानेपानी तथा सरसफाई र विद्यालय भोजन, खोप अभियान, सुरक्षा सम्बन्धी सिफारिसहरु (MHPSS, लैङ्गिक हिंसा,दुर्व्यवहार, आदि) जस्ता महत्वपूर्ण स्वास्थ्य सेवाहरू र अशक्त बालबालिकाको लागि विशेष सेवाहरू पर्छन तर यति मै सिमित रहदैनन्। | विद्यालयमा सेवाहरु उपलब्ध नभएको अवस्थामा, युवामैत्री तथा पूर्ण पहुँचयोग्य यौन तथा प्रजनन् स्वास्थ्य लगायतका सेवाहरुका लागि सिफारिश प्रणालीहरु सुदृढ गर्नुहोस्। |
| चरम सीमान्तकृतसम्म पहुँच | शिक्षा कोषका योगदानहरूलाई संकटले सबैभन्दा बढी प्रभाव पारेका विद्यालयहरुमा केन्द्रित गर्नुहोस्, उदाहरणका लागि, सबैभन्दा सीमान्तकृतलाई प्राथमिकता दिनका लागि निश्चित सूत्रमा आधारित प्रणाली अपनाउनुहोस्।<br>आवश्यकता अनुसार विद्यार्थीहरूलाई निश्चित अनुदानका साथै सशर्त वा निशर्त नगद सहयोग दिनुहोस्। | सम्भव भएसम्म विद्यालय शुल्क र अन्य खर्चहरुमा (विद्यालय पोशाक, आदि) छुट दिनुहोस् र पुन: भर्ना दर अधिकतम बनाउन प्रवेशका अन्य अवरोधहरू हटाउनुहोस्। | विशेष गरी विपन्न विद्यार्थीहरूलाई पुनर्स्थापनाका लागि आर्थिक सहयोग गर्नुहोस् । यसका लागि एक सम्भावित विधि भनेको परीक्षाफल वा परिणाम तथा प्रतिव्यक्ति आयका आधारमा दिईने सेवालाई अस्थायी रुपमा भए पनि परिमार्जन गर्ने र कमजोर परिणाम भएकालाई पनि सेवामा समावेश गराईने हुनसक्छ। |

| | | | |
|---|---|---|---|
| | पहिले विद्यालय बाहिर रहेका बालबालिकाहरु, विस्थापित/आप्रवासी बालबालिकाहरु र अल्पसंख्यकहरू जस्ता सीमान्तकृत समूहमा पहुँच विस्तार गर्नका लागि विद्यालय पुन: सुचारु गर्ने नीति र अभ्यास परिमार्जन गर्नुहोस् । महत्वपूर्ण संचार र समुदाय लक्षित सामाग्रीलाई उपयुक्त भाषा र सजिलै बुझिने रुपमा स्थानीय आवश्यकता अनुसार उपलब्ध गराउनुहोस् ।<br><br>विद्यालयबाट बाहिर रहेको अवस्थामा सामुदायिक सहभागिता तथा सिफारिस सेवामा वृद्धि मार्फत बालिका तथा अन्य सीमान्तकृत समूहका सदस्यका जोखिम रोकथाम तथा व्यवस्थापन गर्नुहोस् । | समुदाय सहभागिता मार्फत किशोरीहरुलाई पुन: विद्यालयमा ल्याउन ठोस कदमहरु लिनुहोस् । | अशक्तता भएका व्यक्तिहरुमा शिक्षण सामाग्रीहरु/प्लाटफर्मस्, सूचना, सेवा र सुविधाहरुको पहुँच सुनिश्चित गर्नुहोस् । जनस्वास्थ्य सम्बन्धी जानकारी र संचार श्रव्य वा दृश्य अशक्तता भएका व्यक्तिहरु लगायतका लागि ढाँचामा उपलब्ध हुनुपर्दछ ।<br><br>खानेपानी, सरसफाई र स्वच्छताका सेवाहरुमा पहुँच सुनिश्चित गर्नका लागि आवश्यक परिमार्जनहरु गर्नुपर्दछ । विद्यालय पुन: बन्द भएको अवस्थामा सहयोगात्मक सेवाहरुको निरन्तरताको लागि योजना बनाउनुहोस् । |

**सम्बन्धित सामाग्रीहरू:**

यस प्रारूपलाई सघाउने गरि विभिन्न पुरक श्रोत तथा सामाग्रीहरूको विकास गरिएको छ र थप केहि तयार पारिँदै छन् । यो सूचीलाई नियमित रूपमा अद्यावधिक गरिनेछ ।

विश्व खाद्य कार्यक्रम, संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि कार्यक्रम तथा युनिसेफद्वारा संयुक्त रूपमा तयार पारिएको स्कुले विद्यार्थीहरूको खाना तथा पोषणमा कोभिड-१९ ले पार्न सक्ने असरको रोकथाम / व्यवस्थापन https://www.wfp.org/publications/mitigating-effects-covid-19-pandemic-food-and-nutrition-schoolchildren

युनेस्कोद्वारा तयार परिएको कोभिड-१९ को परिवेशमा शिक्षासम्बन्धी कार्यक्रम, नोट ७.१ – अप्रिल, २०२०
https://en.unesco.org/covid19/educationresponse

कोभिड-१९ को परिवेशमा पर्याप्त आवास सेवा तथा अस्थायी बसोबासका बासिन्दाहरू सम्बन्धी संयुक्त राष्ट्र संघीय विशेष प्रतिवेदन
https://unhabitat.org/sites/default/files/2020/04/guidance_note_-_informal_settlements_29march_2020_final3.pdf

विश्व बैंकद्वारा तयार पारिएको कोभिड-१९ को परिवेशमा शिक्षासम्बन्धी श्रोतहरूको सँगालो:
https://www.worldbank.org/en/data/interactive/2020/03/24/world-bank-education-and-covid-19

**सन्दर्भ स्रोत:**


IASC, Guidance on COVID-19 Prevention and Control in Schools https://www.unicef.org/reports/key-messages-and-actions-coronavirus-disease-covid- 19-prevention-and-control-schools

United Nations, Policy Brief: The Impact of COVID-19 on children 15 APRIL 2020 https://www.un.org/sites/un2.un.org/files/policy_brief_on_covid_impact_on_children_16_april_2020.pdf

World Bank, We should avoid flattening the curve in education – Possible scenarios for learning loss during the school lockdowns, https://blogs.worldbank.org/education/we-should-avoid-flattening-curve-education-possible-scenarios-learning-loss-during-school?CID=WBW_AL_BlogNotification_ EN_EXT)

World Bank, The COVID-10 Pandemic: Shocks to Education and Responses, Draft Paper

World Health Organization, Considerations in adjusting public health and social measures in the context of COVID-19 Interim guidance 16 April 2020 https://apps.who.int/iris/bitstream/handle/10665/331773/WHO-2019-nCoV-Adjusting_PH_measures-2020.1-eng.pdf

World Health Organization, Non-pharmaceutical public health measures for mitigating the risk and impact of epidemic and pandemic influenza (2019) https://www.who.int/influenza/publications/public_health_measures/publication/en/

World Health Organization, Reducing transmission of pandemic (H1N1) 2009 in school settings https://www.who.int/csr/resources/publications/reducing_transmission_h1n1_2009.pdf